प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# बर्दिया अस्पताल, गुलरिया


☎ 084 -420309 सोधपुछ
☎ 084- 421177 प्रशासन
☎ 084 -420086 ssu
☎ 084- 4200006 OCMC
☎ 084 -420188 प्रशुतीवार्ड
☎ 084 420264 ईण्डोर


## कर्मचारी आवश्यकता सम्बन्धी सुचना

**प्रकासित मिति : २०७९।०८।२३ सूचना नं. ०३ ।०७९।८०**

बर्दिया अस्पताल, गुलरियामा अस्पतालको स्विकृत दरवन्दी करार, कार्यक्रम करार र अस्पताल विकास समिति करार तर्फ तपसिल वमोजिमका पदहरुमा करार सेवा तर्फ भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यस कार्यालयमा उपस्थित भई आवेदन दिनुहुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्रम संख्या | पद | तह/श्रेणी | सेवा समूह | संख्या | न्यूनतम शैक्षिक योग्यता / अतिरिक्त आवश्यकता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | नवौ | स्वास्थ्य | १ | सम्वन्धीत विषयमा स्नातकोत्तर उत्तिर्ण गरी सम्वन्धीत काउन्सीलमा दर्ता भएको हुनु पर्ने। MD / MS Anaesthesia | **कार्यक्रम करार Part Time** |
| २ | अस्पताल व्यवस्थापक अधिकृत | सातौ | स्वास्थ्य | १ | Health Care Management विषयमा BHCM स्नातक तह उत्तीर्ण भएको हुनु पर्ने। | **कार्यक्रम करार** |
| ३ | एनेस्थेसिया असिस्टेण्ट | पाचौ | स्वास्थ्य | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट HA वा Staff Nurse उत्तिर्ण गरी Anesthesia सम्वन्धी कम्तिमा १ वर्षको तालिम लिएको साथै सम्वन्धीत काउन्सील दर्ता लागू भएको हकमा मात्र दर्ता पेश गर्नु पर्ने। | **कार्यक्रम करार** |
| ४ | हे.अ. । स्टाफ नर्स | पाचौ | स्वास्थ्य | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट HA वा Staff Nurse विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको। साथै कम्तीमा १ वर्षको OT / Anaesthesia अनिवार्य कार्य अनुभव हुनु पर्नेछ। | **समिति करार** |
| ५ | मेडिकल रेकर्डर सु. | चौथो। पाँचौ | स्वास्थ्य | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित र विज्ञान विषय लिई एस.एल.सी. उत्तीर्ण गरी सम्वन्धित विषयमा ६ महिनाको तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याँकशास्त्र वा गणित विषय लिई स्नातक उपाधि प्राप्त गरेको। सम्वन्धीत काउन्सील दर्ता लागू भएको हकमा मात्र दर्ता पेश गर्नु पर्ने। | **दरवन्दी करार** |
| ६ | अ.हे.ब. | चौथो | स्वास्थ्य | १ | CMA उत्तिर्ण गरी सम्वन्निधत काउन्सिलमा दर्ता भएको हुनु पर्ने। | **दरवन्दी करार** |
| ७ | हेल्पर /स्वीपर (का.स.) | श्रेणी विहित | प्रशासन | १ | सामान्य लेखपढ गर्न सक्ने | **समिति तर्फ** |

**१) परिक्षाको किसिम : कन्सल्टेण्ट एनेस्थेसियालोजिष्ट र हेल्पर/ स्विपर (का.स.) पदमा अन्तरवार्ता मात्र हुने । अस्पताल व्य. अधिकृत ,एनेस्थेसिया असिस्टेण्ट , स्टाफनर्स ,मेडिकल रेकर्डर सु.,र अ.हे.ब. पदमा लिखित र अन्तवार्ता हुनेछ ।**

**२) दरखास्त दस्तुर :** क्रम संख्या १ को लागि रु. १०००।-, क्रम संख्या २,३,४,५,६ को लागि रु. ७०० । र क्रमसंख्या ७) को लागि रु.५००।

**३) दरखास्त फाराम पाइने तथा दरखास्त दस्तुर बुझाउने स्थान :** बर्दिया अस्पताल, गुलरिया (प्रशासन शाखा) ।

**४) दरखास्त दिने अन्तिम मिति :** २०७९।०९।०८ गते कार्यालय समय सम्म । (सार्वजनिक विदा परेमा सो को भोलि पल्ट)

जनरलिष्ट
२०७९।०८।२९

**५) उम्मेदवारको उमेरको हद :** स्वास्थ्यकर्मीको हकमा १८ वर्ष पुरा भै ४५ वर्ष ननाघेको र हेल्पर/ स्विपर (का.स.) को हकमा १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको ।

**६) तलब ,भत्ता : क्रम संख्या १** को हकमा बजेट कार्यक्रम परिधी भित्र रही कार्यक्रमको निर्देशिका अनुसार आपसी समझदारीमा र **क्रम संख्या २,३,५,६ को हकमा** जुन तहको लागि नियूक्त भएको सो सरहको पदले पाउने सुरु तलव स्केल अनुसार र **क्रमसंख्या ४,७** को हकमा बर्दिया अस्पताल विकास समितिको निर्णय अनुसार ।

**७) सेवा अवधी :** आ.व.२०७९।०८० को असाढ .मसान्त सम्म तथा कार्य सम्पादन सन्तोषजनक भएमा दरवन्दी करार पदको हकमा स्थायी समायोजन वा अन्य प्रकृयाबाट पदपूर्ति भई आएका वखत स्वत: नरहने र कार्यक्रम करारको हकमा बजेट सुनिश्चितता भएमा आगामीआ.व.मा निरन्तरता हुने तथा समिति करार तर्फ समितिको निर्णयानुसार हुनेछ ।

**९) सम्पर्क मिति :** २०७९।९।१० गते (सार्वजनिक विदा परेमा सो को भोलि पल्ट)

**<u>दृष्टव्य</u>**

- कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
- फाराम बुझाउने समयमा सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्र र सम्बन्धित परिषदमा दर्ता गरेको प्रमाणपत्रको सक्कलका साथसाथै प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्गयता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ ।
यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानुन बमोजिम हुन

**थप जानकारीको लागि बर्दिया अस्पताल गुलरिया (फोन नं. : ०८४-४२११७७) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**अस्पताल प्रशासन**

२०७९।०९।०१

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट
जनरलिष्ट